# प्रदेश विद्युत ऐन २०७६

प्रमाणीकरण मितिः - २०७६।०५।२६

**<u>प्रस्तावनाः</u>** प्रदेशमा उपलब्ध जलस्रोत, सौर्य शक्ति, वायु, कोईला, तेल, प्राकृतिक ग्यास, वायो ग्यास र फोहोरजन्य पदार्थ लगायतका शक्ति जस्ता प्राकृतिक श्रोतहरुको उपयोग गरी भरपर्दो, स्तरीय एवम् सुरक्षा युक्त विद्युत सेवा उपलब्ध गराउन कानूनी व्यवस्था गर्न वाञ्छनीय भएकोले,

प्रदेश नं. १ को प्रदेश सभाले यो ऐनबनाई लागू गरेकोछ।

१. **<u>संक्षिप्त नाम र प्रारम्भः</u>** (१) यस ऐनको नाम **"प्रदेश विद्युत ऐन २०७६"** रहेकोछ।

(२) यो ऐन प्रदेश राजपत्रमा प्रकाशन भएको मितिदेखि लागू हुनेछ।

२. **<u>परिभाषाः</u>** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा,–

(क) **"विद्युत"** भन्नाले पानी, खनिजतेल, कोइला, ग्यााँस, सौर्यशक्ति, वायुशक्ति, वायोग्यास वा अन्यकुनै स्रोतबाट उत्पादनहुने विद्युत शक्ति सम्झनुपर्छ।

(ख) **"अनुमतिपत्र"** भन्नाले यस ऐन बमोजिम दिइने अनुमतिपत्र सम्झनुपर्छ।

(ग) **"आयोजना भन्नाले"** निर्माण, उत्पादन, प्रसारण, वितरण र संचालन गरिने विद्युत आयोजना सम्झनुपर्छ।

(घ) **"ग्राहक"** भन्नाले विद्युत सेवाको उपयोग वा उपभोग गर्ने व्यक्ति वा संस्थालाई सम्झनुपर्छ।

(ङ) **"महशुल"** भन्नाले यस ऐन वा नियम बमोजिम विद्युत सेवा उपयोग गरे वापत ग्राहकबाट लिइने शुल्क सम्झनुपर्छ।

(च) **"अनुमतिपत्र प्राप्त व्यक्ति"** भन्नाले यस ऐन बमोजिम अनुमतिपत्र प्राप्त व्यक्ति वा संस्था सम्झनुपर्छ।

(छ) **"निरीक्षक"** भन्नाले यस ऐन बमोजिम नियुक्त भएको विद्युत निरीक्षक सम्झनुपर्छ र सो शब्दले प्रमुख विद्युत निरीक्षकलाई समेत जनाउँछ।

(ज) **"तोकिएको वा तोकिए बमोजिम"** भन्नाले यस ऐन अन्तर्गत बनेको नियममा तोकिएको वा तोकिए बमोजिम सम्झनुपर्छ।

(झ) **"मन्त्रालय"** भन्नाले प्रदेश नं. १ को उर्जा तथा जलस्रोत सँग सम्बन्धित मन्त्रालय सम्झनुपर्छ।

(ञ) **"प्रदेश सरकार"** भन्नाले प्रदेश नं. १ को मन्त्रिपरिषद् सम्झनुपर्छ।

३. **<u>आयोजनाको क्षेत्राधिकारः</u>** (१) संघीय सरकारबाट प्रदेश सरकारलाई हस्तान्तरण गरिएका जतिसुकै क्षमताकाभए पनि त्यस्ता आयोजना वा प्रदेश सरकारबाट स्वयम् आफैले निर्माण गर्ने वा प्रदेश सरकारले अनुमति दिने एक मेगावाट भन्दा बढीका र संघीय कानून वा तोकिए बमोजिमको क्षमताका आयोजनाको निर्माण, उत्पादन, प्रसारण, वितरण र संचालन तथा संघीय कानून वा तोकिए बमोजिमको क्षमताको प्रसारण लाईनको सर्भेक्षण, निर्माण, प्रसारण र संचालनको क्षेत्राधिकार प्रदेश सरकारमा रहनेछ।

आन्तरिक मामिला तथा कानून मन्त्रालय प्रदेश नं. १

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएतापनि यदि स्थानीय तहबाट माग भई आएमा र प्रदेश सरकारले उपयुक्त ठानेमा एक मेगावाट भन्दा कम क्षमताका आयोजनाहरु प्रदेश सरकार आफैले वा यस ऐन बमोजिम अरु कसैलाई सर्भेक्षण, निर्माण, उत्पादन, वितरण, प्रसारण र संचालनको अनुमति दिन सक्नेछ र यदि प्रदेश सरकारले माग गरेमा केन्द्र सरकारले तोकेबमोजिमका क्षमता भएको विद्युत आयोजना र एक सय बत्तिस के.भि.ए. भन्दा कम क्षमता भएको प्रसारण लाइनको सर्वेक्षण, निर्माण, उत्पादन, प्रसारण, वितरण र संचालन गरिदिन सक्नेछ।

४. <u>योजनाको विकासको मार्गचित्र:</u> प्रदेश सरकारले प्रदेशको समग्र विद्युत विकासको गुरूयोजना बनाई मार्गचित्र तयार गरी त्यस्तो मार्गचित्रलाई आधार मानी विद्युत आयोजनाको निर्माण, उत्पादन, वितरण, प्रसारण र संचालन सम्बन्धी आवश्यक प्रणालीको विकास गर्न सक्नेछ।

५. <u>सर्भेक्षण, निर्माण, उत्पादन, प्रसारण, वितरण र संचालनको लागि अनुमति लिनुपर्ने:</u> (१) यस ऐन बमोजिमको आयोजना सर्भेक्षण, उत्पादन, प्रसारण, वितरण र संचालनको लागि यस ऐन बमोजिम अनुमति लिनुपर्नेछ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि एक मेगावाटसम्म क्षमताको आयोजनाको सर्भेक्षण, निर्माण, उत्पादन, प्रसारण र वितरण र संचालनको लागि सर्भेक्षण कार्य प्रारम्भ गर्नु पूर्व तोकिएको अधिकारी समक्ष तोकिए बमोजिम जानकारी गराउनु पर्नेछ र त्यस्ता आयोजनाको लागि यस ऐन बमोजिम अनुमति लिनु पर्नेछैन र सो सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

६. <u>अनुमति नलिई आयोजनाको सर्भेक्षण गर्न नहुने:</u> (१) यो ऐन बमोजिम अनुमतिपत्र नलिई कसैले पनि आयोजना सर्वेक्षण गर्न पाउने छैन।

७. <u>सर्भेक्षण अनुमतिपत्र लिने सम्बन्धी व्यवस्था:</u> (१) विद्युत आयोजना सर्वेक्षण गर्न चाहने व्यक्ति वा संस्थाले सर्वेक्षणको लागि अनुमति लिनुपर्नेछ र त्यस्तो अनुमतिको लागि तोकिएको निकाय वा अधिकारी समक्ष तोकिए बमोजिमको ढाँचामा निवेदन दिनुपर्नेछ।

(२) उपदफा (१) बमोजिमको निवेदन पर्न आएमा सम्बन्धित निकाय वा अधिकारीले आवश्यक जाँचबुझ गरी त्यस्तो निवेदन उपर तोकिए बमोजिम कारवाही गर्नु पर्नेछ।

(३) उपदफा (२) बमोजिम जाँचबुझ गरी त्यस्तो निवेदकलाई तोकिए बमोजिमको अवधिमा तोकिए बमोजिमको प्रकृया पूरा गरी आवश्यक शर्त सहित सर्वेक्षण अनुमतिपत्र दिनुपर्नेछ।

(४) उपदफा (१) बमोजिम निवेदन परेकोमा त्यस्तो निवेदन उपर जाँचबुझ गर्दा सर्वेक्षण अनुमतिपत्र दिन नसकिने भए सो कुराको जानकारी तोकिए बमोजिमको अवधि भित्र निवेदकलाई दिनुपर्नेछ।

(५) उपदफा (४) बमोजिम सर्बेक्षण अनुमतिपत्र प्राप्त गर्न नसक्ने पक्षले तोकिए बमोजिमको निकायमा उजुरी गर्न सक्नेछ।

(६) यस दफामा जुनसुकै कुरा लेखिएको भएतापनि प्रदेश सरकार आफैंले कुनै विद्युत आयोजनाको निर्माण गर्ने भएमा त्यस्तो आयोजनाको लागि सर्वेक्षण अनुमति लिइ रहनु पर्नेछैन।

८. **निर्माण, उत्पादन, प्रसारण र वितरण अनुमति सम्बन्धी व्यवस्था:** (१) दफा ७ बमोजिमको सर्भेक्षण अनुमतिपत्र प्राप्त गरी सर्भेक्षण कार्य समाप्त गरेको तीन महिनाभित्र तोकिए बमोजिमको विवरण सहित तोकिए बमोजिमको ढाँचामा तोकिए बमोजिमको दस्तुर बुझाई आयोजना निर्माण, उत्पादन, वितरण र संचालन गर्न तोकिए बमोजिम निवेदन दिनुपर्नेछ।

(२) उपदफा (१) बमोजिमको निवेदनमा प्रदेश सरकार वा प्रदेश सरकारले तोके बमोजिमको अधिकारीले तोकिए बमोजिम कारवाही गर्नुपर्नेछ।

(३) उपदफा (१) बमोजिमको निवेदन उपर तोकिएको निकाय वा अधिकारीले आवश्यक जाँचबुझ गर्नु पर्नेछ र त्यस्तो जाँचबुझ गर्दा अनुमति दिन मनासिव देखिएमा सम्बन्धित निकाय वा अधिकारीले तोकेबमोजिमको समयभित्र आयोजनाको निर्माण, उत्पादन, प्रशारण, वितरण र संचालनको लागि आवश्यक शर्त तोकि अनुमतिपत्र दिनुपर्नेछ। त्यस्तो अनुमतिपत्रमा नै आयोजनाको वित्तीय व्यवस्थापन, निर्माण कार्यको प्रारम्भ र  समापनको समय तालिका समेत उल्लेख गर्नुपर्नेछ।

(४) उपदफा (३) बमोजिम जाँचबुझ गरी अनुमति दिन नसकिने भएमा सम्बन्धित अधिकारीले त्यस्तो अनुमति दिन नसक्नुको आधार र कारण खुलाई तोकिएको समयभित्र निवेदकलाई लिखित जानकारी दिनुपर्नेछ।

(५) उपदफा (४) बमोजिमको जानकारी प्राप्त गर्ने निवेदकले जानकारी प्राप्त गरेको ३५ दिन भित्र तोकिए बमोजिमको निकायमा निवेदन दिन सक्नेछ ।

(६) उपदफा (५) बमोजिम निवेदन परेमा सम्बन्धित निकायले निवेदन परेको ४५ दिन भित्र जाँचबुझ गरी आवश्यक निर्णय गर्नुपर्नेछ।

९. **अनुमतिपत्रको अवधि:** (१) विद्युत आयोजनाको सर्भेक्षण अनुमतिपत्र पाएको मितिबाट दुई वर्ष भित्र सर्भेक्षण सम्बन्धी कार्य सम्पन्न गर्नुपर्नेछ तर कुनै प्राकृतिक विपद् वा कावु बाहिरको परिस्थिति उत्पन्न भई दुई वर्षमा सर्भेक्षण कार्य नसकिने भएमा त्यस्तो परिस्थितिको मनासिब आधार खोली दफा ७ को प्रकृया बमोजिम निवेदन दिएमा तोकिए बमोजिमको थप दस्तुर लिई एक बर्ष अवधि थप गरी अनुमति दिन सकिनेछ।

(२) आयोजना उत्पादन, प्रसारण, वितरण र संचालनको लागि दिइने अनुमतिपत्रको अवधि बढीमा पैंतीस वर्षको हुनेछ।

(३) उपदफा (२) मा तोकिएको अवधि भन्दा कम अवधिको लागि अनुमतिपत्र दिइएकोमा उक्त अवधि समाप्त हुनुभन्दा एक वर्ष अगावै तोकिए बमोजिम नवीकरण गराउनु पर्नेछ।

१०. **अनुमतिपत्र हस्तान्तरण र अनुमतिपत्र दिन बन्देज सम्बन्धी व्यवस्था:** (१) विद्युत अनुमतिपत्र हस्तान्तरण सम्बन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ।

(२) यस ऐन बमोजिम कुनै क्षेत्रमा विद्युत उत्पादन, प्रसारण, वितरण र संचालनको लागि कुनै व्यक्ति वा संगठित संस्थालाई अनुमति पत्र दिइएकोमा त्यस्तो अनुमति पत्रको अवधि भर सोही क्षेत्रमा सोही प्रकृतिको कामको लागि अन्य कुनै व्यक्ति वा संगठित संस्थालाई अनुमतिपत्र दिइने छैन।

११. **प्रदेश सरकारले करार गरी विद्युत उत्पादन, प्रसारण वा वितरण गर्न सक्ने:** (१) प्रदेश सरकारले कुनै स्थानीय तह, सरकारी निकाय व्यक्ति वा संस्थासँग द्विपक्षीय वा बहुपक्षीय करार गरी सोही करार वा सम्झौतामा उल्लिखित शर्तहरुको आधारमा तोकिए बमोजिम विद्युत उत्पादन, प्रसारण वा वितरण र संचालन गर्न गराउन सक्नेछ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि प्रदेश सरकाले यदि आफैले विद्युत उत्पादन, प्रसारण, वितरण र संचालन गर्न चाहेमा यो व्यवस्थाले कुनै बाधा पुर्याएको मानिने छैन।

१२. **अनुमतिपत्र प्राप्त व्यक्ति वा संस्थाले पालना गर्नुपर्ने शर्तहरू:** अनुमतिपत्र प्राप्त व्यक्ति वा संस्थाले विद्युतको सर्भेक्षण, उत्पादन, प्रसारण वितरण र संचालन सम्बन्धमा पालना गर्नु पर्ने शर्तहरू तोकिए बमोजिम हुनेछ।

१३. **अनुमतिपत्र खारेजगर्न सक्ने:** (१) अनुमतिपत्र प्राप्त व्यक्ति वा संस्थाले यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम विपरीत कुनै काम गरेमा तोकिएको अधिकारीले निश्चित अवधि तोकी त्यस्तो काममा आवश्यक सुधार गर्न आदेश दिन सक्नेछ त्यस्तो आदेश सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

(२) उपदफा (१) बमोजिम तोकिएको अवधिभित्र अनुमतिपत्र प्राप्त संस्थाले आवश्यक सुधार नगरेमा तोकिए बमोजिमको निकाय वा अधिकारीले खारेज गर्न सक्नेछ।

(३) उपदफा (२) बमोजिम अनुमतिपत्र खारेज गर्नु अघि खारेज गर्न पाउने अधिकारीले सम्बन्धित अनुमतिपत्र प्राप्त व्यक्ति वा संस्थालाई तीस दिनको समय दिई आफ्नो सफाई पेश गर्न मनासिव माफिकको मौका दिनु पर्नेछ र त्यस्तो सफाई उपर जाँचबुझ गरी तीस दिनभित्र अनुमतिपत्र खारेज गर्नुको आधार र कारणसमेत उल्लेख गरी निर्णयगर्नु पर्नेछ र त्यस्तो निर्णयको लिखित जानकारी सम्बन्धित पक्षलाई निर्णय गरेको मितिले पन्ध्र दिनभित्र दिनुपर्नेछ।

(४) उपदफा (३) बमोजिमको जानकारी पाएको तिस दिनभित्र त्यस्तो निर्णयमा चित नबुझ्ने पक्षले तोकिएको निकाय वा अधिकारी समक्ष, निवेदन दिनु पर्नेछ र प्रदेश सरकारले खारेज गरेको भए प्रदेश सरकार समक्ष पुनः दोहोर्याई पाउन तीस दिनभित्र निवेदन दिन सक्नेछ।

(५) उपदफा (४) बमोजिमको निवेदन उपर तोकिएको निकाय वा अधिकारीले जाँचबुँझ गरी निवेदन परेको मितिले साठी दिनभित्र निर्णय गर्नु पर्नेछ र त्यस्तो निर्णय अन्तिम हुनेछ।

१४. **अनुमतिपत्र प्राप्त व्यक्ति वा संस्थासँग सम्झौता गर्न सक्ने:** मन्त्रालयले अनुमतिपत्र प्राप्त व्यक्ति वा संस्थासँग विद्युतको एकमुष्ट वा आंशिक खरीद, लगानी गरिने आवश्यक पूँजी वा त्यस्तो पूँजीको जमानत वा अन्य आर्थिक एवं प्राविधिक विषयमा सम्झौता गर्न सक्नेछ र त्यस्तो सम्झौताका आवश्यक शर्तहरु तोकिए बमोजिम हुनेछ।

१५. **प्रदेश सरकारको स्वामित्व हुने:** (१) तोकिएको निश्चित प्रतिशतभन्दा बढी स्वदेशी तथा विदेशी व्यक्ति वा सङ्गठित संस्थाको लगानीमा स्थापना गरिएको विद्युत उत्पादन केन्द्र वा प्रसारण तथा वितरण लाइनसँग सम्बन्धित जग्गा, भवन, उपकरण संरचना लगायतका सबै बस्तुमा अनुमतिपत्रमा तोकिएको अवधि समाप्त भएपछि प्रदेश सरकारको स्वामित्व रहनेछ।

(२) उपदफा (१) बमोजिम प्रदेश सरकारको स्वामित्वमा आएको सम्पति विद्युत उत्पादन, प्रसारण वा वितरण गर्न पूर्व अनुमतिपत्र प्राप्त व्यक्ति वा संस्थाले चाहेमा विद्युत गृह, उपकरण, जग्गा, भवन र अन्य बस्तु निर्धारण गरिएको मूल्यमा लिन सक्नेछ र त्यसरी सम्पति प्राप्त गरेपछि निजले प्रदेश सरकारसँग सम्झौता गरी सो सम्झौता बमोजिम विद्युतको उत्पादन, प्रसारण, वितरण र संचालन गर्नुपर्नेछ।

(३) उपदफा (२) बमोजिमको पूर्व अनुमतिपत्र प्राप्त व्यक्ति वा संस्थाले मुल्य तिरी नलिएमा प्रदेश सरकारले आफैं वा तोकिए बमोजिम अन्य व्यक्ति वा संस्थालाई व्यवस्थापन र संचालन गर्न दिनसक्नेछ।

(४) उपदफा (२) बमोजिमको मूल्य निर्धारणको प्रयोजनको लागि प्रदेश सरकारले बढिमा पाँच जनाको विज्ञहरुको एक समिति गठन गर्नेछ र त्यस्तो समितिले गरेको मूल्य निर्धारण यसै ऐन बमोजिम भएको मानिनेछ र मूल्य निर्धारण सम्बन्धी प्रकृया तोकिए बमोजिम हुनेछ।

(५) तोकिएको निश्चित प्रतिशतसम्म विदेशी व्यक्ति वा सङ्गठित संस्थाको लगानी विना स्थापना गरिएको विद्युत उत्पादन केन्द्र वा प्रसारण तथा वितरण लाइनको सञ्चालन तथा व्यवस्थापनका लागि अनुमतिपत्रमा तोकिएको अवधि समाप्त भएपछि पूर्व अनुमतिपत्र प्राप्त व्यक्ति वा संस्थालाई तोकिए बमोजिम प्रदेश सरकारले सम्झौता गरी दिन सक्नेछ ।

१६. <u>रोयल्टी बुझाउनुपर्ने</u>: (१) अनुमतिपत्र प्राप्त व्यक्ति वा संस्थाले जलविद्युतको व्यापारिक उत्पादन शुरू गरेको पन्ध्र बर्षसम्म प्रति जडित किलोवाट वार्षिक एक सय रुपैंया र प्रति युनिट (किलोवाट घण्टा) सरदर बिक्रि मूल्यको दुई प्रतिशतका दरले सरकारलाई रोयल्टी बुझाउनुपर्नेछ।

(२) उपदफा (१) मा उल्लेखित अवधि पछि अनुमतिपत्र प्राप्त व्यक्तिले प्रति जडित (किलोवाट) वार्षिक एक हजार रुपैंयाप्रति युनिट (किलोवाट घण्टा) सरदर बिक्री मूल्यको दस प्रतिशतका दरले प्रदेश सरकारलाइ रोयल्टी बुझाउनु पर्नेछ।

१७. <u>प्रदेश सरकारको सहयोग र समन्वय</u>: (१) प्रदेश सरकारले विद्युत उत्पादन, प्रसारण वा वितरण र संचालनको क्षेत्रमा संलग्न व्यक्ति वा सँस्थालाई जग्गा प्राप्ति, संरचना निर्माण, मेशिनरी औजार आयात, वन तथा वातावरण सम्बन्धी निकायसँगको समन्वय, निर्माण सामग्रीको आपूर्ति, पहुँच मार्ग निर्माण, उत्पादित विद्युतको बजारीकरण गर्दा बन, व्यक्ति वा समुदायले कुनै विवाद गर्न पाउने छैन उक्त कार्य गर्दा स्थानीयस्तरमा उठ्ने समस्यालाई समाधान गर्न प्रदेश सरकारले पूर्ण सहयोग गर्नुपर्नेछ।

तर राष्ट्रिय बनको हकमा प्रचलित कानून बमोजिम हुनेछ।

(२) विद्युत प्रसारण लाईन, विद्युतको व्यापार र विद्युत योजना निर्माण स्थल सम्मको पहुँच मार्गको व्यवस्था नगरिकन विद्युत योजनाको निर्माण गरिने छैन।

१८. <u>सरकारीकरण नगरिने</u>: (१) नीजि क्षेत्रबाट संचालित कुनै विद्युत उत्पादन, प्रसारण वा वितरण सम्बन्धी जग्गा, भवन, उपकरण तथा संरचनाको कानून बमोजिम बाहेक सरकारीकरण गरिने छैन।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएतापनि प्रदेश सरकारले एक हजारकिलोवाट वा सो भन्दा कम जलविद्युत उत्पादन, प्रसारण वा वितरण र संचालनसँग

सम्बन्धित जग्गा, भवन, उपकरण तथा संरचनाहरु व्यापक सार्वजनिक उपयोगको लागि आफूले लिई विकास गर्न सक्नेछ।

**स्पष्टिकरणः** यस दफा प्रयोजनका लागि "व्यापक सार्वजनिक उपयोग" भन्नाले हाल उपयोग भएकोबाट लाभान्वित हुने जनसंख्या भन्दा बढी जनसंख्यालाई लाभान्वित हुने उपयोग सम्झनुपर्छ।

(३) उपदफा (२) बमोजिम लिएको जग्गा, भवन, उपकरण तथा संरचना वापत प्रदेश सरकारले सम्बन्धित व्यक्तिलाई तोकिए बमोजिम क्षतिपूर्ति दिनेछ र क्षतिपूर्ति सम्बन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ।

१९. **जलविद्युत उत्पादन केन्द्र आदि खरीद गर्नुपर्नेः** कुनै व्यक्ति वा संस्थाले यस ऐनमा उल्लेख भए बमोजिम आयोजना निर्माण, प्रसारण र उत्पादन गरी वितरण गरिरहेको क्षेत्रमा अनुमतिपत्र प्राप्त व्यक्तिले विद्युत वितरण गर्ने भएमा त्यसरी जलविद्युत उत्पादन गरी वितरण गरिरहेको व्यक्ति वा संस्थाले आफूले सञ्चालन गरेको जलविद्युत उत्पादन केन्द्र, प्रसारण तथा वितरण लाइन बिक्री गर्न चाहेमा उक्त अनुमतिपत्र प्राप्त व्यक्तिले त्यस्तो जलविद्युत उत्पादन केन्द्र प्रसारण तथा वितरण लाइनको वर्तमान मूल्य तोकिए बमोजिमको शर्तहरुकोआधारमा आपसी सम्झौताद्वारा यकिन गरिएको मूल्यमा खरीद गर्नु पर्नेछ।

२०. **विद्युत संरचनाको सुरक्षाः** (१) कुनै विद्युत उत्पादन केन्द्र, रूपान्तरण केन्द्र, उपकेन्द्र, विद्युत उत्पादनको लागि बनाइएको पोखरी वा विद्युतसँग सम्बन्धित कुनै संरचनाको सुरक्षाको लागि अनुमतिपत्र प्राप्त व्यक्ति वा सँस्थाको अनुरोधमा वा स्वयम् त्यस्तो सुरक्षा गर्न आवश्यक ठानेमा प्रदेश सरकारले आवश्यक सुरक्षा प्रबन्ध गर्नेछ।

(२) उपदफा (१) बमोजिम अनुमतिपत्र प्राप्त व्यक्तिवा संस्थाको अनुरोधमा सुरक्षा प्रबन्ध गरिएकोमा त्यसको लागि लाग्ने सम्पूर्ण खर्च अनुमतिपत्र प्राप्त व्यक्तिवा संस्थाले व्यहोर्नु पर्नेछ।

२१. विदेशी विनिमयको सुविधाः जलविद्युत उत्पादन, प्रसारण वा वितरणको लागि ऋण वा शेयर पूँजीको रूपमा विदेशी मुद्रा लगानी गरिएकोमा ऋणको साँवा वा व्याज भुक्तानी गर्न वा लगानी गर्न वा लगानी फिर्ता गर्नको लागि आवश्यक पर्ने विदेशी विनिमयको सुविधा प्रचलित कानून बमोजिम हुनेछ।

२२. **बिमा, बास स्थान र बोनस सम्बन्धी व्यवस्थाः** प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भएतापनि विद्युतको उत्पादन, प्रसारण वा वितरण र संचालनको काममा संलग्न कामदार तथा कर्मचारीको बिमा, बास स्थान तथा बोनसको व्यवस्था तोकिए बमोजिम हुनेछ।

२३. **सुरक्षात्मक व्यवस्थाः** विद्युतको उत्पादन, प्रसारण वा वितरण गर्ने सिलसिलामा अपनाउनु पर्ने सुरक्षात्मक व्यवस्था तोकिए बमोजिम हुनेछ।

२४. **विद्युत महसुल र अन्य दस्तुर लिन सक्नेः** (१) प्रदेश सरकार वा अनुमतिपत्र प्राप्त व्यक्ति वा संस्थाले विद्युत सेवा उपलब्ध गराए वापत त्यस्तो सेवा उपभोग गर्ने व्यक्तिसँग दफा २५ बमोजिमको आयोगले निर्धारण गरिएको महसुल र अन्य दस्तुर लिन सक्नेछ।

२५. **विद्युत महसुल र अन्य दस्तुरको निर्धारणः** विद्युत महसुल र अन्य दस्तुरहरू निर्धारण गर्न प्रदेश सरकारले सम्वन्धित विज्ञहरु सम्मिलित एक महसुल निर्धारण आयोग गठन गर्नेछ र त्यस्तो आयोगको महसुल निर्धारण गर्ने विधि र प्रकृया तोकिए बमोजिम हुनेछ।

२६. **छुट्टै महसुल र दस्तुर निर्धारण गर्न सकिनेः** (१) यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भएतापनि राष्ट्रिय ग्रिडबाट असंलग्न रही विद्युतको वितरण गर्ने भएमा त्यसरी वितरण हुने विद्युतको महसुल र अन्य दस्तुर प्रदेश सरकार आफैले विद्युत वितरण लाभांश प्राप्त हुनेगरी निर्धारण गर्न सक्नेछ।

(२) उपदफा (१) बमाजिमको विद्युत महसुल र अन्य दस्तुर निर्धारण गर्दा विद्युत उत्पादन, प्रसारण वा वितरण र संचालनमा लगाएको सम्पूर्ण लगानी सामान्यतया पच्चीस बर्षमा फिर्ता हुने गरी ह्रास कट्टी तथा शेयर पूँजीमा पच्चीस प्रतिशत लाभाँश प्राप्त हुने गरी निर्धारण गर्नुपर्नेछ।

२७. **विद्युत सेवा बन्द गर्न सकिनेः** देहायको अवस्थामा विद्युत सेवा बन्द गर्न सकिने छः

(क) विद्युत सम्वन्धी उपकरण तथा लाइनको जाँचबुझ, मर्मत वा अन्य कुनै महत्वपूर्ण काम गर्नु परेमा,

(ख) बाढी, पहिरो, अगलागी, भुईंचालो जस्ता दैवी प्रकोप वा हडताल, तालाबन्दी, दङ्गा वा अन्य यस्तै काबु बाहिरको कुनै असाधारण परिस्थिति आइपरेमा,

(ग) कुनै ग्राहकले बुझाउनु पर्ने महशुल र अन्य दस्तुर नबुझाएमा,

(घ) कुनै ग्राहकले अनाधिकृत तवरले विद्युत उपभोग गरेमा वा शर्त विपरीत विद्युत सेवा उपभोग गरेमा।

२८. **राष्ट्रिय प्रसारण लाइन वा ग्रिड तोक्नेः** प्रदेश सरकारले प्रदेश राजपत्रमा सूचना प्रकाशित गरी कुनै प्रसारण लाइन वा ग्रिडलाई प्रादेशिक प्रसारण लाइन वा ग्रिड भनी तोक्न सक्नेछ।

२९. **उत्पादित विद्युतको बिक्रीः** (१) प्रदेश सरकारले कसैले यस ऐन बमोजिम उत्पादन गरेको विद्युत एकमुष्ठ बिक्री गर्न चाहेमा प्रादेशिक ग्रिडमा समावेश हुने गरी खरीद गर्न वा गर्न लगाउन सक्नेछ।

(२) उपदफा (१) बमोजिम खरीद गरिने विद्युतको खरीद दर निर्धारण तोकिए बमोजिम हुनेछ।

३०. **विद्युतको आयात तथा निर्यातः** (१) अनुमतिपत्र प्राप्त व्यक्ति वा संस्थाले प्रदेशभित्र विद्युत आयात गरी वितरण गर्न चाहेमा तोकिए बमोजिम प्रदेश सरकारको पूर्व स्वीकृति लिई आयात गर्न सक्नेछ।

(२) अनुमतिपत्र प्राप्त व्यक्ति वा संस्थाले आफूले उत्पादन गरेको विद्युत विदेशमा निर्यात गर्न चाहेमा प्रदेश सरकारसँग सम्झौता गरी प्रचलित कानून बमोजिम निर्यात गर्न सक्नेछ।

(३) उपदफा (२) बमोजिम विद्युत निर्यात गर्दा प्रदेश सरकारलाई निर्यात कर वा दस्तुर बुझाउने सम्बन्धि व्यवस्था प्रचलित कानून बमोजिम हुनेछ।

३१. **<u>विद्युतको गुणस्तर तोक्नेः</u>** (१) प्रदेश सरकारले प्रदेश राजपत्रमा सूचना प्रकाशित गरी यो ऐन बमोजिम उत्पादन, प्रसारण वा वितरण गरिने विद्युतको गुणस्तर तोक्न सक्नेछ।

(२) विद्युत उत्पादन, प्रसारण वा वितरण गर्दा उपदफा (१) बमोजिम तोकिएको गुणस्तर कायम हुने गरी गर्नुपर्नेछ।

३२. **<u>वातावरणमा उल्लेखनीय प्रतिकूल असर पार्न नहुनेः</u>** विद्युत उत्पादन, प्रसारण वा वितरण गर्दा यस ऐन र प्रचलित कानून बमोजिम वातावरणमा उल्लेखनीय प्रतिकूल असर नपार्ने गरी गर्नुपर्नेछ।

३३. **<u>दण्ड जरिवाना</u>ः** (१) कसैले यस ऐनबमोजिम अनुमतिपत्र लिनु पर्नेमा सो नलिई वा अनुमतिपत्रमा उल्लेख भएका शर्तहरू पालना नगरी विद्युत उत्पादन, प्रसारण, वितरण र संचालन गरेमा त्यस्तो कार्यको छानबिन गरी दोषि पाईएमा त्यस्तो व्यक्ति वा संस्थालाई पाँच लाख रुपैयासम्म जरिवाना गरी तोकिएको अधिकारीले त्यस्तो कार्य तत्काल बन्द गराउन सक्नेछ।

(२) उपदफा (१) बमोजिमको दण्ड जरिवना गर्ने अधिकारी र प्रकृया तोकिए बमोजिम हुनेछ।

(३) उपदफा (२) बमोजिमको कार्यबाट कसैलाई हानी नोक्सानी हुन गएमा उपदफा (२) बमोजिम त्यस्तो हानी नोक्सानी वापतको मनासिव क्षतिपूर्तिसमेत भराई दिनुपर्नेछ।

(४) कसैले बदनियतपुर्वक कुनै विद्युत उत्पादन वा वितरण केन्द्र, प्रसारण लाईन, वितरण लाईन वा सोसँग सम्बन्धित अन्य कुनै संरचनामा प्रतिकूल असर पार्ने कुनै काम गर्नुहुदैन र यदि कसैले कुनै विद्युत संरचना भत्काएमा, बिगारेमा वा कुनै किसिमले हानी नोक्सानी पुऱ्याएमा त्यस्तो काम गर्न उक्साएमा, प्रोत्साहन गरेमा, त्यस्तो गर्ने उद्योग गरेमा निजबाट हानी नोक्सानी बराबरको बिगो र सो बिगोको पच्चीस देखि पचास प्रतिशतसम्म जरिवाना गर्न सक्नेछ। त्यस्तो विगो र जरीवाना तोक्ने अधिकारी र प्रकृया तोकिए बमोजिम हुनेछ।

३४. **<u>पुनरावेदनः</u>** दफा ३३ बमोजिम तोकिएको अधिकारीले दिएको सजाय वा आदेशमा चित नबुझ्ने ब्यक्ति वा संस्थाले तीस दिनभित्र सम्बन्धित उच्च अदालतमा पुनरावेदन गर्न सक्नेछ।

३५. **<u>भोल्ट तथा अन्य प्राविधिक कुराहरूको स्तरः</u>** (१) विद्युत उत्पादन, प्रसारण वा वितरणका लागि विद्युतको भोल्ट तथा अन्य प्राविधिक विषयहरुको स्तर तोकिए बमोजिम हुनेछ।

(२) उपदफा (१) बमोजिम तोकिएको स्तर विद्युत उत्पादन, प्रसारण वा वितरण गर्नेले कायम गर्नुपर्नेछ।

३६. **<u>मर्मत संभारः</u>** विद्युत उत्पादन केन्द्र, प्रसारण वा वितरण लाइन वा अन्य कुनै संरचनाको मर्मत संभार गर्नको लागि वा अन्य कुनै कारणले विद्युतको आपूर्ति रोक्नु पर्ने आवश्यकता परेमा अनुमतिपत्र प्राप्त व्यक्ति वा संस्थाले सो कुराको जानकारी सर्वसाधारण जनतालाई कम्तीमा चैवीस घण्टा अगावै सार्वजनिक सूचनाद्वारा दिनुपर्नेछ र त्यस्तो सूचना तोकिएको अधिकारीलाई समेत दिनुपर्नेछ।

३७. **विशेष अवस्था:** (१) कुनै विशेष अवस्था परी कुनै क्षेत्रमा विद्युत उत्पादन, प्रसारण वा वितरण बन्द गर्नु परेमा वा कुनै क्षेत्रमा विद्युत तत्काल पुर्‍याउनु पर्ने भएमा प्रदेश सरकारले सम्बन्धित विद्युत उत्पादन, प्रसारण वा वितरण गर्ने व्यक्ति वा संस्थालाई अवश्यक आदेश दिन सक्नेछ र त्यस्तो आदेशको पालना गर्नु निजको कर्तव्य हुनेछ।

(२) उपदफा (१) बमोजिमको आदेश पालना गर्दा पर्न गएको हानी नोक्सानीको क्षतिपूर्ति प्रदेश सरकारले व्यहोर्नेछ।

३८. **अरूको घर जग्गामा प्रवेशगर्न सक्ने:** (१) प्रदेश सरकारले वा तोकिए बमोजिम अनुमतिपत्र प्राप्त व्यक्ति वा संस्थाले विद्युतको सर्वेक्षण, उत्पादन, प्रसारण, वितरण वा संचालन गर्ने सिलसिलामा कसैको घर जग्गामा प्रवेश गर्नु परेमा सम्बन्धित व्यक्तिलाई पूर्व सूचना दिएर मात्र त्यस्तो घर जग्गामा प्रवेश गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम प्रवेश गर्दाकुनै हानी नोक्सानी हुन गएमा तोकिए बमोजिमको क्षतिपूर्ति दिनुपर्नेछ।

(३) उपदफा (१) र (२) मा जुनसुकै कुरा लेखिएको भएतापनि विद्युतको अनाधिकृत प्रयोग, चोरी भइरहेको शङ्का हुने मनासिव माफिकको कारण भए वा अन्य कुनै हानी नोक्सानी, शंङ्का भएमा सो कुराको जाँचबुँझ गर्न वा कुनै दुर्घटनाबाट बचाउन पूर्व सूचना विना नै सम्बन्धित घर जग्गामा प्रवेश गर्न सकिनेछ।

३९. **अरूको घर जग्गाको उपयोग वा प्राप्तिः** (१) विद्युत उत्पादन, प्रसारण वा वितरण गर्ने प्रयोजनको लागि सरकारी वा अरू कसैको घर जग्गा उपयोग गर्न वा प्राप्त गर्न आवश्यक परेमा अनुमतिपत्र प्राप्त व्यक्ति वा संस्थाले प्रदेश सरकार समक्ष निवेदन दिन सक्नेछ।

(२) उपदफा (१) बमोजिमको निवेदन प्राप्त भएमा प्रदेश सरकारले तत्सम्बन्धमा आवश्यक जाँचबुझ गरी प्रचिलत कानून बमोजिम त्यस्तो घर जग्गा उपलब्ध गराई दिन सक्नेछ र त्यस्तो घर वा जग्गा वा घर जग्गाको हर्जाना, क्षतिपूर्ति वा मुआब्जा सम्बन्धित पक्षले बुझाउनु पर्नेछ।

(३) प्रदेश सरकारले वा अनुमतिपत्र प्राप्त व्यक्तिले विद्युतको उत्पादन, प्रसारण वा वितरण सम्बन्धी कुनै निर्माण कार्य गरेमा त्यस्तो निर्माण कार्य भएको ठाउँ वा सो ठाउँ वरिपरी तोकिएको दूरीमा पर्ने कसैको स्वामित्वको घर जग्गा कसैले कुनै खास कामको निमित्त प्रयोग गर्न नपाउने गरी प्रदेश सरकारले निषेध गर्न सक्नेछ।

(४) उपदफा (३) बमोजिम निषेध गरिएको कारणबाट सम्बन्धित व्यक्तिलाई पर्ने हानी नोक्सानी वापत प्रदेश सरकार वा अनुमतिपत्र प्राप्त व्यक्ति वा संस्थाले तोकिए बमोजिमको क्षतिपूर्ति दिनुपर्नेछ।

४०. **विद्युत विकास इकाईः** विद्युतको विकास गर्ने, विद्युतको विकासमा नीजि क्षेत्रलाई प्रोत्साहित गर्ने तथा विद्युत विकास सम्बन्धी कामहरूको अनुगमनका लागि सम्वन्धित मन्त्रालयमा एक विद्युत विकास माहाशाखा, शाखा वा इकाई रहनेछ र त्यस्तो माहाशाखा, शाखा वा ईकाइको काम, कर्तव्य र अधिकार तोकिए बमोजिम हुनेछ।

४१. **निरीक्षकको नियुक्तिः** (१) विद्युत उत्पादन, प्रसारण वा वितरण र संचालनको निरीक्षण र रेखदेखका लागि प्रदेश सरकारले आवश्यकता अनुसार प्रमुख विद्युत निरीक्षक र विद्युत निरीक्षकहरू खटाउन सक्नेछ।

(२) प्रमुख विद्युत निरीक्षक तथा विद्युत निरीक्षकको अन्य काम, कर्तव्य र अधिकार तोकिए बमोजिम हुनेछ।

४२. **नविकरण सम्बन्धी व्यवस्थाः** यस ऐन बमोजिम प्राप्त हुने अनुमतिपत्रको नविकरण सम्बन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ।

४३. **निर्देशन दिनसक्नेः** यस ऐनको कार्यान्वयनको लागि प्रदेश सरकारले मन्त्रालय, सम्बन्धित निकाय वा सम्बन्धित अधिकारी र मन्त्रालयले सम्बन्धित निकायवा सम्बन्धित अधिकारीलाई समय समयमा आवाश्यक निर्देशन दिन सक्नेछ।

४४. **संघीय कानून बमोजिम हुनेः** यस ऐनको दफा ३ मा उल्लिखित प्रदेश सरकारको क्षेत्राधिकार संघीय कानून भन्दा फरक हुन गएमा संघीय कानून बमोजिम हुनेछ।

४५. **नियम बनाउने अधिकारः** यस ऐनको उद्देश्य कार्यान्वयन गर्न प्रदेश सरकारले आवश्यक नियम, निर्देशिका, कार्यविधि वा मापदण्ड बनाउन सक्नेछ।

४६. **बाधा अड्काउ सम्बन्धी व्यवस्थाः** यस ऐनको कार्यान्वयनको लागि कुनै बाधा अड्काउ परेमा प्रदेश सरकारले त्यस्तो वाधा अड्काउ पर्नुको आधार र कारण समेत खोली यस ऐनको उद्देश्य विपरित नहुने गरी त्यस्तो वाधा अड्काउ फुकाउन सक्नेछ।

४७. **यसै ऐन बमोजिम हुनेः** यस ऐनमा लेखिए जति विषयमा यसै ऐन बमोजिम र अन्यमा प्रचलित कानून बमोजिम हुनेछ।

आन्तरिक मामिला तथा कानून मन्त्रालय, प्रदेश नं. १